**नेपालबाट कतार प्रवेश गर्ने यात्रुहरुले पालना गर्नुपर्ने मापदण्ड सम्बन्धमा <u>कतारस्थित राजदुतावासबाट जारी मापदण्ड सम्बन्धी जानकारीको अत्यावश्यक सूचना</u>**

१२ जुलाई २०२१ ( तद्नुसार २०७८ आषाढ २८ गते ) देखि लागू हुनेगरी कतार सरकारले कतार प्रवेश गर्ने यात्रुहरुको लागि जारी गरेको अद्यावधिक मापदण्ड अनुरुप (https://covid19.moph.gov.qa/EN/travel-and-return-policy/Pages/defult.aspx) नेपालबाट कतार यात्रा गर्ने यात्रुहरुले देहायका मापदण्डको पालना गर्नुपर्ने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ :

१. हरेक यात्रुले नेपालमा तोकिएका स्वास्थ्य संस्थाबाट जारी भएको ७२ घण्टाभित्रको कोभिड १९ नेगेटिभ पि.सि.आर. रिपोर्ट लिएर मात्र यात्रा गर्न पाइने छ।

२. यात्रा गर्नुभन्दा कम्तीमा १२ घण्टाअघि www.ehteraz.gov.qa वेवसाइटमा अनलाइन माध्यमबाट प्रि रजिष्ट्रेशन गरेर आवश्यक कागजात अपलोड गरेपछि प्राप्त हुने Travel Permit प्रिन्ट गरी साथमा लिएर यात्रा गर्न पाइने छ।

३.कतारमा दुबै मात्रा खोप लगाई खोपको प्रमाणपत्र प्राप्त गरेको यात्रुहरुले खोप लगाएको १२ महिना अवधि भित्र पुनः कतार प्रवेश गर्दा क्वारेन्टिन बस्नुनपर्ने।

४. कतारले मान्यता दिएका Pfizer/BioNTech, Moderna, Astrazeneca (Coveshield/Oxford) र Jansen/ Johnson & Johnson खोपको मात्रा कुनैपनि देशमा पूरा गरेको १४ दिन पूरा भएका र खोप लगाएको प्रमाणपत्र प्राप्त गरेका यात्रुहरुले कतारमा क्वारेन्टिन बस्नुनपर्ने। खोप लगाएको प्रमाणपत्रमा देहाय बमोजिमको जानकारी हुनुपर्ने :

राहदानीमा भएको नामसँग मिल्ने गरी लेखिएको खोप प्राप्त गर्ने व्यक्तिको नाम,

खोप लगाएको मिति,

खोपको नाम/ प्रकार,

उपलब्ध भएमा खोपको लट लम्बर र

खोप लगाउने निकायको सही छाप

५. त्यसैगरी Sinopharm खोप लगाएका यात्रुको हकमा आगमनको बखतमा एण्टीबडी गरी परीक्षण पोजेटिभ देखिएमा क्वारेन्टिन बस्नुनपर्ने तथा नेगेटिभ देखिएमा होटल क्वारेन्टाइन बस्नुपर्ने।

६. कतारमा कोभिड १९ संक्रमण भई निको भउको १२ महिना भित्र कतार पुनः प्रवेश गर्ने यात्रुले क्वारेन्टिन बस्नुनपर्ने।

७. खोपको मात्र पूरा नगरेका, खोप लगाएको १४ दिन पूरा नभएका यात्रुको हकमा अनिवार्य रुपमा Discover Qatar वेवसाइटमा वुकिङ्ग गरी १० दिन होटेल क्वारेन्टिन वा १४ दिन मेखाइनिस क्वारेन्टिन बस्नुपर्ने।

थप जानकारीको लागि **<u>नेपाल वायुसेवा निगम केन्द्रीय कार्यालय कान्तिपथ काठमाडौंमा</u>** सम्पर्क गर्नुहोला।